**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
मितिः ०६ मार्च २०२५
समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तराखण्डमा अर्थव्यवस्थालाई सशक्त बनाउन र रोजगारीका अवसरहरू सिर्जना गर्न वर्षभरि पर्यटनलाई बढ़ावा दिनबारे जोड़ दिनुभयो।

२. पश्चिम बंगालको बहुचर्चित स्कूल नोकरी घोटालाको जाँच गरिरहेको सीबीआईले अब ती प्रभावशाली मानिसहरूसित जाँचबुझ गरिरहेको छ|

३. चिया बगानको ३० प्रतिशत जमीन अन्य व्यापार उद्योगहरूमा प्रयोग गरिनु हुँदैन भन्दै इण्डियन गोर्खा जनशक्ति फ्रण्टले आज जीटीए क्षेत्रको विभिन्न खण्ड विकास अधिकारीहरुलाई ज्ञापन पत्र बुझाएका छन्|

४. मिरिकका चारवटा चियाकमानहरू सिङ्बुली, मन्जु, टिङलिङ अनि मरमा चियाकमानका चिया श्रमिकहरूद्वारा गेट सभाको योजना गरेको छ|

५. पूर्वी हिमालय क्षेत्रमा जलवायु प्रतिरोधी सुन्तला खेतीमाथि दुई दिने अन्तर्राष्ट्रिय कार्यशालाको आज कालेबुङमा सम्पन्न भएको छ|

**मोदी उत्तराखण्ड**

प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तराखण्डलाई वर्षभरि पर्यटनको केन्द्र बनाउने आवश्यकता माथि जोड दिनु भएको छ। श्री मोदी आज उत्तरकाशीको हर्षिलमा एक जनसभालाई सम्बोधित गर्दै हुनुहुन्थ्यो। राज्यमा शीतकालीन पर्यटनको महत्त्व बारे उल्लेख गर्दै उहाँले अब राज्यमा वर्षभरि नै पर्यटनको मौसम हुने बतानुभयो।प्रधानमन्त्रीले जाडो मौसममा राज्यको प्राकृतिक सौन्दर्य आफ्नो चरममा हुन्छ तर सोही समय होटल र होमस्टेहरू खाली रहने भएकाले यस स्थितिलाई परिवर्तन गराउनु आवश्यक रहेको भन्नुभयो । राज्यमा पर्यटनसित सम्बन्धित पूर्वाधारको विकासको सन्दर्भमा उँहाले चार धाम सडक परियोजना र रोपवे परियोजनाहरूको उल्लेख गर्नुभयो।प्रधानमन्त्रीले गौरीकुण्ड-केदारनाथ र गोविन्दघाट-हेमकुण्ड रोपवे परियोजनाहरूले यात्रीहरूलाई धेरै सुविधा प्रदान गर्ने आशा व्यक्त गर्नुभयो। उहाँले उत्तराखण्डलाई विवाह समारोहका लागि आकर्षक राज्यको रूपमा प्रस्तुत गर्न भनि जोड दिनुभयो। यसअघि प्रधानमन्त्रीले मुखाबा गाउँमा देवी गंगाको शीतकालीन मन्दिरमा पूजा-अर्चना गर्नुभयो। प्रधानमन्त्रीले त्यहाँबाट ट्रेकिंग र बाइकिङ र्‍यालीलाई झण्डा देखाएर प्रस्थान गराउनुभयो ।

****** ० ******

**राष्ट्रपति - महिला दिवस**

राष्ट्रपति द्रौपदी मुर्मुले आगमी 8 मार्चमा अन्तर्राष्ट्रीय महिला दिवसको अवसरमा नयाँ दिल्लीमा एक राष्ट्रीय सम्मेलनको उद्धाटन गर्नु हुनेछ। महिला एवं बाल विकास मन्त्रालय द्वारा आयोजित यस सम्मेलनको विषय “नारी शक्ति से विकसित भारत” रहेको छ। यस कार्यक्रममा सशस्त्र बल र अर्धसैनिक बलका अधिकारी, दिल्ली पुलिस, माई भारत स्वयंसेवक, आंगनवाड़ी कार्यकर्ता तथा स्वयं सहायता समूहका सदस्यहरु लगायत विभिन्न क्षेत्रका महिलाहरुले सहभागिता जनाउनेछ। यस कार्यक्रममा विश्व ब्यांक, यूनिसेफ, संयुक्त राष्ट्र महिला, संयुक्त राष्ट्र विकास कार्यक्रम र संयुक्त राष्ट्र जनसंख्या कोष जस्ता अन्तरराष्ट्रीय

संगठनका प्रतिनिधिहरु पनि उपस्थित रहनेछन्। यसका साथै “शी बिल्ड्स भारत” हैशटैगका साथ एक सोशल मीडिया अभियान पनि आयोजित गरिन्दैछ।महिला दिवसलाई लिएर महिला एवं बाल विकास मन्त्री अन्नपूर्णा देवीले भन्नुभयो यो दिन महिलाहरुको बहुमुखी विकास बारे चर्चा गरिनेछ।

****** ० ******

## स्कूल नोकरी घोटाला प्रकरण

पश्चिम बंगालको बहुचर्चित स्कूल नोकरी घोटालाको जाँच गरिरहेको सीबीआईले अब ती प्रभावशाली मानिसहरूसित जाँचबुझ गरिरहेको छ जसले अयोग्य उम्मेद्वारहरूको नाम सोझै राज्यका पूर्व शिक्षामन्त्री पार्थ च्याटर्जीलाई सिफारिसको रूपमा पठाएका थिए।सूत्र अनुसार सीबीआईको हातमा पुख्ता प्रमाण परेको छ जसबाट यो स्पष्ट भएको छ, केही प्रभावशाली व्यक्तिहरूले पैसा लिएर स्कूल नोकरीको लागि अयोग्य उम्मेद्वारहरूको सिफारिस पार्थ च्यटर्जीसम्म पुऱ्याएका थिए।सीबीआईसित यस्ता 132 जना मानिसहरूको सूची छ जसले अलग-अलग स्तरमा नोकरीको सिफारिस गरेका थिए। तथापि जाँच एजेन्सीले अब ती मानिसहरूको मात्र शर्टलिस्ट गरिरहेको जसको सोझै पहुँच पार्थ च्यटर्जीसम्म थियो जसले सोझै रूपमा साफारिस पठाएका थिए।भनिन्छ, सिफारिस गर्ने मानिसहरूको पहिचान पार्थ च्यटर्जीसित भएको बातचित, लिखित सिफारिस पत्र, व्हाट्सएप तथा एसएमएस सन्देशहरूको माध्यमबाट गरिएको छ। तथापि सीबीआाईले हाल यी शर्टलिस्ट मानिसहरूको नाम सार्वजनिक गरेको छैन। एजेन्सी अनुसार यिनीहरूको गवाहीबाट पार्थ च्यटर्जीविरूद्ध मामिला अझ मजबुत गराउनमा सहयोग मिल्नेछ।

****** ० ******

## मिरिक खण्ड विकास अधिकारीलाई ज्ञापन

चिया बगानको ३० प्रतिशत जमीन अन्य व्यापार उद्योगहरूमा प्रयोग गरिनु हुँदैन भन्दै इण्डियन गोर्खा जनशक्ति फ्रण्टले आज जीटीए क्षेत्रको विभिन्न खण्ड विकास कार्यालयको खण्ड विकास अधिकारीहरुलाई ज्ञापन पत्र बुझाएका छन्। यसै क्रममा मिरिक खण्ड विकास अधिकारीलाई इण्डियन गोर्खा जनशक्ति फ्रण्टले एउटा ज्ञापन पत्र बुझाएको छ। गत 2019 मा राज्य सरकारले चिया बगानको 15 प्रतिशत जमीन पर्यटन क्षेत्रमा प्रयोग गर्ने घोषणा गरिसकेको छ भने अहिले आएर फेरि चिया बगानको 30 प्रतिशत जमीन अन्य व्यापार उद्योगमा प्रयोग गरिने घोषणा गरेको छ।चिया बगानको जमीन अन्य व्यापार उद्योगमा प्रयोग गरिने राज्य सरकारको घोषणालाई इण्डियन गोर्खा जनशक्ति फ्रण्टले घोर विरोध जनाउँदै आइरहेको छ। गत केही सप्ताह अघि मात्र इण्डियन गोर्खा जनशक्ति फ्रण्टले मिरिकमा विराट विरोध र्याली निकालेर आफ्नो आक्रोश व्यक्त गरिसकेको छ।यसै क्रममा आज खण्ड स्तरमा ज्ञापन पत्र बुझाउने कार्य गरिएको पार्टीका केन्द्रिय सदस्य प्रशान्त लामाले बताउनु भएको छ। मिरिक खण्ड विकास अधिकारीलाई ज्ञापन पत्र चढाएपछि रोजेस थापाले पत्रकारहरुसित कुराकानी गर्दै चिया बगानको जमीन अन्य व्यापार उद्योगमा प्रयोग गरिने राज्य सरकारको निर्णयलाई कदापि स्वीकार्ने छैनौ र चिया श्रमिकहरूको पक्षमा हामी सधै खडा हुने छौँ भनी बताउनु भएको छ।

****** ० ******

## पिपल्स फोरम धरनामा बस्ने घोषणा

दार्जिलिङको चौरस्ता परिसरमा कथित अवैध निर्माणलाई केन्द्र गरेर पिपल्स फोरमले धरनामा बस्ने घोषणा गरेको छ। आगामी 18 मार्चदेखि शुरु गरिने उक्त अनिश्चितकालीन धरनाको अनुमतिको लागि पिपल्स फोरम उच्च न्यायालयसमेत पुग्ने प्रवीण गुरुङले बताउनु भएको छ। यसबारे पत्रकारहरुलाई सम्बोधन गर्दै प्रवीण गुरूङले एकातिर पहाडको सुन्दरता नष्ट गर्न नगरपालिका, जीटीए अनि जिल्ला प्रशासन नोटिस जारी भएर पनि तटस्थ बसेको आरोप लगाउनु भएको छ भने चौरस्ताकि हकर्सहरुलाई ब्यारेक भवनको शिरान तल्लामा पुनर्वास गराउन पर्ने विकल्प बताउनु भएको छ।यता 5 डेसिमिल पट्टा र 30 प्रतिशत भूमि आवण्टनको प्रतिवाद गर्दै चियाबारीलाई केन्द्र गरेर अजय एडवर्डको विकास कार्यकलापमाथि पनि उहाँले प्रश्न उठाउनु भएको छ।

****** ० ******

## मिरिकका चारवटा चियाकमानहरूमा गेट सभा

मन्जुश्री कम्पनी अन्तर्गत पर्ने मिरिकका चारवटा चियाकमानहरू मरमा चियाकमान, मन्जु चियाकमान, टिङलिङ चियाकमान अनि सिङ्बुली चियाकमान कार्यालयको नोटिस बोर्डमा प्रबन्धक पक्षमार्फत मालिकले 'नो वक नो पे' को नोटिस टाँसेपछि बुधबारदेखि चारवटा चियाकमानका चिया कार्यालय परिसरमा चिया श्रमिकहरूले गेटसभाको आयोजना गरेर आफ्नो माग शीघ्र पूरा गरिदिने प्रबन्धक अनि मालिक पक्षसित माग गरेका छन्। उक्त गेटसभालाई निरन्तरता दिँदै आज मिरिरकको सिङ्बुली, मन्जु, टिङलिङ अनि मरमा चियाकमानका चिया श्रमिकहरूले चिया कार्यालय परिसरमा गेट सभाको आयोजना गरे। यस अवसरमा श्रमिक नेताहरू अनिल राणा, अनिमा राईले चियाकमान मालिक पक्षले चियाकमानमा 'नो वक नो पे' को नोटिस टाँसे पनि चिया श्रमिकहरू दैनिक काममा गइरहेको अवगत गराउँदै चिया श्रमिकहरूले काम बन्द गरेको छैन भनी बताएका छन् । उहाँहरूले चिया श्रमिकहरूको माग पूरा नभएसम्म पहिलो चिया टिपाई गर्दैनौ भनी आफ्नो अडान स्पष्ट गरेका छन्। उहाँहरूले चिया श्रमिकहरूको धेरै माग रहेको जसमा प्रमुख मागहरू 2025 को बोनसको प्रतिशत पहिलो चिया टिपाई अघि नै तय गर्नुपर्ने अनि गत वर्षको रहल चार प्रतिशत बोनस भुक्तान गर्नुपर्ने रहेको जानकारी गराउँदै यी मागहरूलाई मालिक पक्षले स्वीकार गरे चिया श्रमिकहरूले पहिलो चिया टिप्नेछ भनी बताएका छन्।

****** ० ******

**सुन्तला खेतीमाथि दुई दिने अन्तर्राष्ट्रिय कार्यशाला**

पूर्वी हिमालय क्षेत्रमा जलवायु प्रतिरोधी सुन्तला खेतीमाथि दुई दिने अन्तर्राष्ट्रिय कार्यशालाको आज कालेबुङमा समापन भएको छ| उक्त कार्यक्रम हिजोदेखि शुरु भएको थियो। यस कार्यशालामा भारत, नेपाल, भुटान, अमेरिका, ईरान, चीन आदिका विज्ञहरुको सहभागिता रहेको थियो। कार्यशालालाई सम्बोधन गर्नु हुँदै जीटीए मुख्य कार्यपाल अनित थापाले भन्नु भयो, पहाडले प्रगति गर्नु हो भने यहाँको वातावरण पनि प्रगति अनुकूल बनाउनुपर्छ। त्यसैले ध्वंस गर्ने राजनीति होइन, रचनात्मक राजनीति गर्नुपर्छ। श्री अनित थापाले अझ भन्नु भयो, सुन्तला पहाडको आर्थिक स्रोतहरू मध्ये एक महत्वपूर्ण स्रोत हो, सुन्तलाले पहाडलाई आर्थिक सम्पन्न बन्न हाल मद्दत गरिरहेको छ। आजकल सुन्तला बगानहरू म्यूजियम जस्तो भएको छ। यस खेतीको उद्धार हुनुपर्छ। यसको निम्ति नै यो वर्कशप हो।

****** ० ******

**आरोपी पक्राउ**

धेरै तलबमा काम लगाई दिने प्रलोभनमा परेर बेपत्ता भएका आमा-छोरीलाई दार्जीलिङ पुलिसद्वारा मुम्बईबाट सफलतापूर्वक उद्धार गरिएको छ। दार्जीलिङ पुलिसले २१ वर्षीया एक महिला र उनकी छोरीलाई सफलतापूर्वक उद्धार गरेको छ। उनीहरू गत ११ फरवरी २०२५ देखि बेपत्ता थिए। जवाहार बस्ती, दार्जीलिङका बासिन्दा महिलाका पति प्रकाश गुरुङले पुलिसमा उजुरी दिएपछि अनुसन्धान अघि बढाइएको थियो। दार्जिलिङ सदर पुलिस थाना, दार्जीलिङको नेतृत्वमा गरिएको अनुसन्धानले महिलालाई मुम्बईबाट उद्धार गर्न सफल भएको छ। अनुसन्धानका क्रममा थाहा भयो कि ४१ वर्षीय आयुश खान, मुम्बई निवासी, लगातार ती महिलासँग फोन सम्पर्कमा थिए। उनले महिलालाई धेरै तलबको कामको प्रलोभन देखाएर विश्वास जितेका थिए। पुलिसले आयेश खानलाई पक्राउ गरी आवश्यक चिकित्सकीय परीक्षणपछि कानुनी प्रक्रियाका लागि अदालतमा पेश गर्ने तयारी गरिरहेको छ।

****** ० ******

**दार्जिलिङमा पोस्टरिङ**

30 प्रतिशत भूमि आवण्टन गरिने अधिसूचनाको विरोधमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टले दार्जिलिङमा पोस्टरिङ गरेको छ। यस मुद्दालाई केन्द्र गरेर पहाडका विभिन्न खण्ड विकास कार्यालयहरूमा पनि ज्ञापन पत्र बुझाउने कार्य भइरहेको बताउँदै पार्टी कार्यकर्ता राप्गे राईले अधिसूचनाको विरोधमा दार्जीलिङ अनि कालेबुङका जिल्लापाललाई अघिबाटै ज्ञापन बुझाइसकेको जानकारी गराउनु भएको छ।

****** ० ******

**मादक पदार्थसहित युवक पक्राउ**

एसएसबीको 41औं बटालियनका जवानहरूले पानीट्यांकीको गौरसिंह जोत क्षेत्रमा छापा मारेर मादक पदार्थसहित एकजना युवकलाई पक्राउ गरेका छन्। पक्रा पर्ने युवकको पहिचान छिमेकी राष्ट्र नेपाल निवासी रहेको जनाइएको छ। पुलिस सूत्र अनुसार एसएसबीको 41औं बटालियनका जवानहरूले पानीट्यांकीको गौरसिंह जोत क्षेत्रमा छापा मारेर नेपालबाट मादक पदार्थ बेच्न आएका युवकलाई समाते। युवकको जाँच गर्दा 63 ग्राम मर्फिनसहित एउटा मोबाइल फोन भेटियो जसलाई जवानहरूले जफत गरे। उक्त मर्फिनको अनुमानित बजार मूल्य लगभग एक लाख रुपियाँ रहेको छ। युवकसित जाँचबुझ गरेपछि एसएसबीले खोरीबाड़ी थानालाई सुम्पिदिए। पुलिस अग्रिम कारबाहीमा जुटेको छ।

****** ० ******

**कानूनी प्रक्रियाहरुबारे जनचेतना कार्यक्रम**

विद्यार्थीहरूलाई कानूनका कतिपय विषयमा जानकारी गराउन हेतु विभिन्न प्रकारका कानूनी प्रक्रियाहरुबारे जनचेतना ल्याउने उद्देश्यले सोनादा डिग्री कलेजको प्रेक्षागृहमा कलेजका भारप्राप्त प्राचार्य डा रागिनी थापाको अध्यक्षतामा कलेजको वुमेन सेल तथा नारी प्रकोष्ठ एवम् दार्जिलिङ जिल्ला लिगल सर्भिस अथोरिटीको संयुक्त आयोजनामा एक जनचेतना कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा कानुनी सेवाबारे दार्जिलिङ डिस्ट्रिक्ट लिगल सर्भिस अथोरिटीका सचिव तथा सेसन डिस्ट्रिक्ट जज छिरिङ याङ्छेन लेप्चाले ज्ञानवर्धक रोचक जानकारीहरू दुइनु भएको छ। उहाँले आफ्नो सम्बोधनमा विद्यार्थीहरूलाई पोक्सो अधिनियम र मानव तस्करी सम्बन्धी कानुनहरू बारेमा जानकारी गराउनु भयो।लोक अदालत जस्ता विषयहरूमा हाम्रा मानिसहरू तथा हाम्रा विद्यार्थीहरुलाई जानकारी हुन सकेमा धेरैवटा कानुनी प्रक्रियाहरू पूरा गर्नमा उनीहरूलाई सजिलो हुने तथ्यहरू पनि उहाँले बताउनु भयो। उहाँले आफ्नो सम्बोधनमा लिगल सर्भिस अथोरिटीको उद्देश्य, कार्य योजना बारेमा विशेष जानकारी दिँदै यसले पोक्सो, यौन उत्पीडन, जमीन विवाद सम्बन्धी तथा अन्य विभिन्न प्रकारका विवादहरुले जन्माएका अमेलताहरूलाई कोट कचरीको ढोका नढकढकाई कानुनी प्रक्रियाले समाधान गर्न सकिने विषयमा पनि बताउनु भएको छ।कार्यक्रमलाई पीएलभी अनमोल प्रधान अनि प्रीति थापा लगायत कलेजका आइक्यएसीका संयोजिका प्राध्यापक पेन्चुला भोटिया, भारप्राप्त प्राचार्य डा रागिनी थापा, प्राध्यापक सुशीला बराइली आदिले पनि सम्बोधन गरेका थिए। यसरी दार्जिलिङ डिस्ट्रिक्ट लिगल सर्भिस अथोरिटीका सचिव स्वयम् सोनादा डिग्री कलेजमा आई कानुनी सेवा सम्बन्धी यस्ता जनचेतना कार्यक्रम गर्नका साथै कलेजमा लिगल एड क्लिनिक समेत स्थापना गरिदिएकोमा डाक्टर थापाले आभार प्रकट गर्नु भयो।कानुनी सेवा सम्बन्धी विद्यार्थीहरूमाझ अन्तरक्रियात्मक सत्र पनि राखिएको उक्त कार्यक्रमलाई कलेजको वुमन सेलका संयोजिका तथा राजनीति विज्ञान विभागका प्रमुख प्राध्यापक सुशीला बराइलीले सञ्चालन गरेका थिए।

****** ० ******